बैठक नं.११

मिति २०८१।१०।०९ गते बुधवार जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको उपस्थितीमा बैठक वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

सरकारी वकीलहरु

जिल्ला न्यायाधिवक्ता श्री कर्ण बहादुर बुढा क्षेत्री

सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवराज पौडेल

अनुसन्धान अधिकृतहरु

१. प्रहरी उपरीक्षक श्री केदार खनाल, जिल्ला प्रहरी कार्यालय, बर्दिया ।

२. प्रहरी निरीक्षक श्री रुपेश साह, इलाका प्रहरी कार्यालय, मोतिपुर, बर्दिया ।

३. प्रहरी निरीक्षक श्री कृष्ण डाँगी, जिल्ला प्रहरी कार्यालय, बर्दिया ।

४. प्रहरी निरीक्षक श्री राजेश कुमार तेली, इलाका प्रहरी कार्यालय, मैनापोखर, बर्दिया ।

५. प्रहरी निरीक्षक श्री बिष्णु प्रसाद श्रेष्ठ, इलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया ।

६. प्रहरी निरीक्षक श्री मदन बहादुर गुरुङ्ग, इलाका प्रहरी कार्यालय, पाताभार, बर्दिया ।

७. प्रहरी निरीक्षक श्री झबिन्द्र परियार, इलाका प्रहरी कार्यालय, बनियाभार, बर्दिया ।

८. प्रहरी निरीक्षक श्री रेवन्त सेन, इलाका प्रहरी कार्यालय, राजापुर, बर्दिया।

९. प्र.ब.ना.नि.श्री श्याम कुमार रोका क्षेत्री इलाका प्रहरी कार्यालय मोतिपुर

१०. प्र.ना.नि.जय प्रकाश भट्ट, इलाका प्रहरी कार्यालय, मैनापोखर, बर्दिया ।

११. प्र.ना.नि.श्री गणेश बिश्वकर्मा इलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया ।

१२. प्र.ना.नि.श्री जनक जंग रावल इलाका प्रहरी कार्यालय, राजापुर, बर्दिया ।

अनुसन्धान सहायक

१३. प्रहरी सहायक निरीक्षक श्री हर्क भुल इलाका प्रहरी कार्यालय पाताभार, बर्दिया ।

१४. प्रहरी हवल्दार श्री रमेश गिरी इलाका प्रहरी कार्यालय बनियाभार, बर्दिया ।

आमन्त्रित

नायब सुब्ब श्री बसन्त न्यौपाने, जि.स.व.का.बर्दिया

खरिदार श्री जावन सिंह रामजाली, जि.स.व.का.बर्दिया

छलफलका विषयहरुः-

१. हदम्याद, हकदैया र क्षेत्राधिकारका सम्बन्धमा
२. लागुऔषध मुद्दामा तत्काल परीक्षण गर्ने सम्बन्धमा
३. प्रतिबादी खुलेका पुराना मुद्दा फछ्र्यौट सम्बन्धमा
४. क्षतिपूर्ति पाउने मुद्दामा पीडित पक्षलाई पेशीमा उपस्थित गराउने सम्बन्धमा

निर्णय नं. १ः बिषय नं. १ मा छलफल गर्दा अनुसन्धानको शिलशिलामा दर्ता हुन आएको रित पुगेका जाहेरी वा निबेदन दर्ता गर्नु पूर्व हदम्याद, हकदैया र क्षेत्राधिकारका बिषयमा प्रष्ट भएर मात्र मुद्दा दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. २ः बिषय नं. २ मा छलफल गर्दा बिषेशगरी लागुऔषध सहित पक्राउ परेका ब्यक्तिहरुलाई सम्भव भएसम्म तत्काल **Kit** बाट परीक्षण गर्ने ब्यवस्था मिलाउन आ-आफनो तर्फबाट पहल गर्ने र लागुऔषध बरामद भएपछि नापतौल गर्दा स्थानिय जनप्रतिनिधि वा भद्र भलादमीलाई रोहबरमा राखी मुचुल्का बनाउने निर्णय गरियो ।

निर्णय नं. ३ः बिषय नं. ३ मा छलफल गर्दा बिषेशगरी प्रतिबादी खुलेका र लामो समय भैसकेका मुद्दाहरुको यथासिघ्र अनुसन्धानकार्य सम्पन्न गरी अनुसन्धान प्रतिबेदन सहित निर्णयार्थ पेश गर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ४ः बिषय नं. ४ मा छलफल गर्दा अपराधबाट पीडित भएका नेपाल सरकारका साक्षीहरु (पीडितहरु)लाई सम्भव भएसम्म अदालतमा मुद्दाको सुनुवाइको समयमा इजलासमा उपस्थित गराउने गर्ने निर्णय गरियो ।